बखतबहादुर उप्रेती
प्रमुख प्रशासकीय अधिकृत

भगवतीमाई गाउँपालिका
गाउँकार्यपालिकको कार्यालय
पगनाथ,दैलेख
कर्णाली प्रदेश,नेपाल

**प्रस्तावहरु:**

**प्रस्ताव नं. १** : पोषणमैत्री नमुना कार्यक्रम कार्यान्वयन सम्वन्धमा ।

**प्रस्ताव नं. २** : एक पालिका एक बाली कार्यक्रम सम्वन्धमा ।

**प्रस्ताव नं. ३** : अर्गानिक मिशन कार्यक्रम सम्वन्धमा ।

**प्रस्ताव नं. ४** : प्रधानमन्त्री रोगजार कार्यक्रम सम्वन्धमा ।

**प्रस्ताव नं. ५** : बाखा श्रोत केन्द्र संचालन तथा व्यवस्थापन कार्यक्रम सम्वन्धमा ।

**प्रस्ताव नं. ६** : विविध

**निर्णय नं. १ :**

यस भगवतीमाई गाउँपालिकाको लागि आ.व. २०७७/०७८ मा नेपाल सरकारबाट प्राप्त विशेष अनुदान अन्तर्गत पोषणमैत्री नमुना कार्यक्रम कार्यान्वयन सम्वन्धमा देहाय बमोजिम गर्ने ।

१. पोषणमैत्री नमुना कार्यक्रम यस गाउँपालिकाको वडा नं. १, २, ३, ६ र ७ को एक/एक वटा टोलमा कार्यान्वयन गर्ने,

२. सम्वन्धित वडा समितिले कम्तिमा २५ घरधुरी समेटिने गरी समूह बनाउन वडाको एक टोल छनौट गरी गाउँपालिकामा पेश गर्ने,

३. कार्यक्रम कार्यान्वयनमा सहजीकरण गर्नको लागि कार्यक्रम लागु हुने वडामा प्रति वडा एक जनाको दरले सामाजिक परिचालक सम्वन्धित वडा समितिले छनौट गरी गाउँपालिकामा सिफारिस गरी पठाउने,

४. पोषणमैत्री नमुना कार्यक्रम अन्तर्गत स्वीकृत क्रियाकलापहरु संशोधन सहित स्वीकृत गर्ने ।

**निर्णय नं. २ :**

प्रदेश सरकारबाट यस गाउँपालिका अन्तर्गत संचालन हुने एक स्थानीय तह एक बाली प्रवर्द्धन कार्यक्रमको लागि आलु खेती छनौट गरी वडा नं. ४ मा कार्यान्वयन गर्ने ।

**निर्णय नं. ३ :**

प्रदेश सरकारबाट यस गाउँपालिका अन्तर्गत संचालन हुने अर्गानिक मिशन कार्यक्रम वडा नं. ३, सान्तडामा कार्यान्वयन गर्ने ।

**निर्णय नं. ४ :**

नेपाल सरकार प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस गाउँपालिकाको लागि चालु आ.व. २०७७/०७८ मा रु. ३१२२६८००। थप रकम प्राप्त भएकोले वडा समितिले प्राथमिकीकरण गरी पठाएका आयोजनाहरु मध्ये वेरोजगार व्यक्तिको सूचीको आधारमा देहायका योजनाहरु छनौट गरी निम्नानुसार रकम बाँडफाँड गरियो ।

| क्र. सं. | वडा नं. | वेरोजगार व्यक्तिको संख्या | विषयगत क्षेत्र | योजना तथा कार्यक्रमको नाम | योजना संचालन हुने स्थल | लागत रकम | लाभान्वित जनसंख्या |
|---|---|---|---|---|---|---|---|
| १. | १ | २८५ | सडक | वगौरा-सातमुले सडक मर्मत | वडा नं. १ | १९६४६००। | ३८ |
| २. | | | | सुर्तिया-काफलपानी सडक मर्मत | वडा नं. १ | ८२७२००। | १६ |
| ३. | २ | ५१२ | सडक | पाल्ताल्ना-चिउरा सडक मर्मत | वडा नं. २ | १९६४६००। | ३८ |
| ४. | | | | जोगिमारे-काटिया-डौसिल सडक नयाँ सडक निर्माण | वडा नं. २ | १९६४६००। | ३८ |
| ५. | | | | भुवाल्न-डाँड नाउला गोरेटो बाटो निर्माण | वडा नं. २ | ८२७२००। | १६ |



Scanned with CamScanner

| क्र. सं. | वडा नं. | बेरोजगार व्यक्तिको संख्या | विषयगत क्षेत्र | योजना तथा कार्यक्रमको नाम | योजना सचालन हुने स्थल | लागत रकम | लाभान्वित जनसंख्या |
|---|---|---|---|---|---|---|---|
| ६. | ३ | ६९० | सडक | काँडा-तुर्सेनी(रामडाँडा) सडक निर्माण | वडा नं. ३ | २४८१६००। | ४८ |
| ७. | | | | सान्तडा देखी भर्सुली सम्म गोरेटो बाटो निर्माण । | वडा नं. ३ | १३९५९००। | २७ |
| ८. | | | | घट्टे खोला देखि सोती खोला सम्म सडक मर्मत । | वडा नं. ३ | २४८१६००। | ४८ |
| ९. | ४ | ४३८ | सडक | तुर्सु-सिम-स्वास्थ्य चौकी सडक निर्माण | वडा नं. ४ | १४४७६००। | २८ |
| १०. | | | | भोटरिया चौर-डौरी-भगवती प्रा.वि. सडक निर्माण | वडा नं. ४ | १२९२५००। | २५ |
| ११. | | | | मन्घर-किमेडीखाल-दडमिली-वडा कार्यालय सडक निर्माण | वडा नं. ४ | १२९२५००। | २५ |
| १२. | ५ | ४८५ | सडक | वडा कार्यालय-ओखरेनी सडक मर्मत तथा निर्माण | वडा नं. ५ | २०६८०००। | ४० |
| १३. | | | | गल्सेना सहडे सडक मर्मत तथा निर्माण | वडा नं. ५ | १०३४०००। | २० |
| १४. | | | | वेस्तडा-माइकाथान सडक स्तरोन्नती तथा निर्माण | वडा नं. ५ | १३९५९००। | २७ |
| १५. | ६ | ५०५ | सडक | वडा कार्यालय-वर्मा सडक निर्माण तथा मर्मत | वडा नं. ६ | २३२६५००। | ४५ |
| १६. | | | | बाउनगाउँ-ढकार-पाल्त-सिद्ध ओडारी-पिपल चौतारा-भेरे खोला गोरेटो बाटो निर्माण | वडा नं. ६ | १२९२५००। | २५ |
| १७. | | | | पाल्त -टाटे पहरा गोरेटो बाटो निर्माण | वडा नं. ६ | १०३४०००। | २० |
| १८. | ७ | ४४८ | सडक | मा.वि. खोर-तोली सडक स्तरोन्नती | वडा नं. ७ | २११९७००। | ४१ |
| १९. | | | | वडाभैरव-किम खोला-कैलाशडाँडा सडक स्तरोन्नती | वडा नं. ७ | २०१६३००। | ३९ |

**निर्णय नं. ५ :**

चालु आ.व. २०७७/०७८ को लागि विनियोजन भएको बाखा श्रोत केन्द्र साझेदारी कार्यक्रम अन्तर्गत बाखा श्रोतकेन्द्र संचालन तथा व्यवस्थापन कार्यक्रम संशोधन सहित स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ :**

यस भगवतीमाई गाउँपालिका वडा नं. ४ को वडा कार्यालय भवन निर्माणको लागि गत आ.व. २०७६/०७७ मा ठेक्कापट्टा भई सम्झौता भईसकेकामा ध्याप-घुम्ने-वडा कार्यालय जाने सडकको ग्रेड सुधार तथा अन्य अति आवश्यक निर्माण कार्य नगरेमा सवारी साधन आवतजावत गर्न नसक्ने भएकोले निर्माण सामग्री ढुवानी गर्न नसकिने हुँदा उक्त कार्य तत्काल गराउनु पर्ने भएको र बजेटको अन्य स्रोत नभएको हुँदा चालु आ.व.मा वडा कार्यालय भवन निर्माणको लागि विनियोजित रकम मध्ये रु. १००००००। खर्च गर्ने र वडा कार्यालय भवनको लागि नपुग हुने रकम पछि सम्वन्धित वडाकै अन्य कार्यक्रमबाट व्यवस्थापन गर्ने निर्णय गरियो ।



Scanned with CamScanner